धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २० ◆ २०८३ साउन २० गते बुधबार, Wesdnesday, August 5, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## मन्त्रालयले मुलुक केन्द्रित रणनीतिमा काम गरिरहेको छः परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले परराष्ट्र मन्त्रालयले मुलुक केन्द्रित रणनीतिक कार्ययोजना निर्माणका लागि काम गरिरहेको बताउनुभएको छ ।

परराष्ट्र मन्त्रालयमा मंगलबार आयोजित मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमड्याक) को बैठकमा उहाँले मुलुक केन्द्रित रणनीतिक कार्ययोजना निर्माणका लागि मन्त्रालयका विभिन्न महाशाखाले काम गरिरहेको बताउनुभएको हो ।

परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "द्विपक्षीय रणनीतिलाई बलियो बनाउने गरी काम भइरहेको छ । उक्त रणनीतिमार्फत नेपालले सम्बन्धित मुलुकबाट कसरी अधिकतम लाभ लिन सक्छ भन्ने हिसाबले काम गर्नेछौं ।" मन्त्रालयले सम्बन्धित मुलुकसँग निश्चित प्राथमिकताका क्षेत्र पहिचान गरी त्यसलाई केन्द्रमा राखेर रणनीतिक योजनामा काम गरिरहेको उहाँले बताउनुभयो ।



परराष्ट्रमन्त्री खनालले विदेशमा बसोबास गर्ने नेपालीको यकिन सङ्ख्या उपलब्ध नहुँदा नीति तथा योजना निर्माण र कार्यान्वयनमा कठिनाइ भइरहेको उल्लेख गर्नुभयो । त्यसका लागि अभियान सञ्चालन गरेर विदेशमा रहेका नेपालीको सङ्ख्या यकिन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

मन्त्रालयमा आयोजित उक्त बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्ट, परराष्ट्र सचिव अमृतबहादुर राई, परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा विभिन्न मन्त्रालयका प्रतिनिधिहरूको उपस्थिति थियो ।

## शैक्षिक क्षेत्रको विकृति अन्त्य गर्न सहकार्य हुनुपर्नेमा जोड

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । सङ्घीय सांसदले शैक्षिक परामर्श क्षेत्रको विकृति र विसङ्गतिको अन्त्यका लागि सरकार र व्यवसायीबीचको संवादबाट कानुनी पक्ष सुधार गर्दै जानुपर्नेमा जोड दिनुभएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयले 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' कार्यान्वयनमा ल्याएको सन्दर्भमा सांसदहरूले विद्यार्थी र अभिभावकको हितलाई केन्द्रमा राखेर कानुनमा सुधार हुनुपर्ने भन्दै व्यवसायीलगाय सरोकार भएका पक्षको आवाजलाई बेवास्ता गर्न नमिल्ने बताउनु भएको हो ।

'मात्र एजुकेसन अनलाइन' द्वारा मंगलबार काठमाण्डौमा आयोजित छलफल कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, शैक्षिक परामर्श क्षेत्रका सङ्घ-संस्थाका पदाधिकारी, निजी क्षेत्र तथा शिक्षा विज्ञहरूले नीति निर्माण र कार्यान्वयन प्रक्रियामा सरोकार भएका निकायका प्रतिनिधिको अर्थपूर्ण सहभागिताको माग गरिएको थियो ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले निर्देशिकामा शैक्षिक परामर्श दिने संस्थाहरूबाट विदेशमा पढ्न जाने विद्यार्थीहरू विदेशमा पुगेर भनेअनुसारको शिक्षा र सुविधा नपाउँदा कुन निकायसँग समन्वय गर्ने र गुहार्ने भन्ने विषयलाई किनार ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले अहिलेको सरकार संविधान संशोधनको प्रक्रियामा अघि बढेकाले शिक्षा क्षेत्रका विद्यमान विकृति र विसङ्गतिको अन्त्यका लागि संरचनात्मक र कानुनी सुधार हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सचेतक परियारले निर्देशिकाको संशोधनबाट अभिभावकहरू खुसी भएका भन्दै कुनै परिमार्जनयोग्य भएमा फेरि संशोधन हुने विश्वास दिलाउनुभयो । नेपाली कांग्रेसका सांसद सीता थपलियाले सरकारले कुनै पनि नियम, कानुन र नियमावली ल्याउँदा सरोकार भएका पक्षसँग छलफल गर्नुपर्ने आग्रह गर्दै सम्बन्धित पक्ष असन्तुष्ट भएर सडकमा आउनुपर्ने अवस्था आउन नदिन छलफल, समन्वय र सहकार्य अपरिहार्य रहेको बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गुरुप्रसाद बरालले धरौटी राख्न सक्नेलाई मात्रै व्यवसाय गर्न पाउने र कम लगानी गर्नेलाई व्यवसायबाट वञ्चित गर्न नहुने धारणा राख्नुभयो । नेपाल शैक्षिक परामर्श सङ्घ (इक्यान) का अध्यक्ष लक्ष्मण पौडेलले परामर्श व्यवसायका लागि रु २५ लाख धरौटीलगायत व्यवस्था व्यावहारिक नहुने जिकिर गर्नुभयो ।

## भूमिहिन र सुकुमवासी समस्या समाधानमा कटिबद्ध

काठमाडौं । प्रतिनिधिसभाको मगलबारको बैठकमा सत्तापक्षका सांसदले भूमिहिन र सुकुमवासी समस्या समाधानमा वर्तमान सरकार कटिबद्ध रहेको बताउनुभएको छ ।

प्रतिपक्षका तर्फबाट प्रस्तुत भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा उहाँहरुले विगतका सरकारले उक्त समस्यालाई दृढतापूर्वक समाधान गर्न नसकेको आरोप लगाउनुभएको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का इन्दिरा रानाले स्थानीय तहले भूमिहिन र सुकुमवासीलाई लालपूर्जा दिन ढिलाइ गरेको बताउनुभयो । सोही पार्टीका सांसद गणेश कार्कीले विगतका सरकारले भूमिहिन र सुकुमवासीको व्यवस्थापनमा आलटाले व्यवहार देखाएको आरोप लगाउनुभयो । सत्ता पक्षकै अर्का सांसद राजीव खत्रीले सुकुमवासीका नाममा हुने राजनीति अन्त्यका लागि सरकार कटिबद्ध रहने बताउनु भयो । सांसद खत्रीले सुकुमवासीलाई डुबान हुने ठाउँमा राखिनु गल्ती भएको धारणा व्यक्त गर्नुभयो । सांसद समीक्षा बाँस्कोटाले जरुरी सार्वजनिक महत्वको प्रस्ताव महत्वपूर्ण भएको बताउँदै २०८३ जेठ ११ गते मानवअधिकार समितिले प्रधानमन्त्री कार्यालयलाई निर्देशनात्मक सुझाव दिएको, असार २९ गते पुनःनिर्देशन जारी गरेको जानकारी दिनुभयो ।

## राष्ट्र निर्माणमा नेपाली सेनासँगको सहकार्य अपरिहार्य छ : सांसद पाण्डे

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । काठमाडौं-३ का प्रतिनिधिसभा सदस्य राजुनाथ पाण्डेले राष्ट्र निर्माण, विकास र जनसेवाको साझा यात्रामा नेपाली सेनालगायत सबै राज्य संयन्त्रसँगको सहकार्य, आपसी सम्मान र समन्वयलाई आफ्नो प्रमुख प्राथमिकता बनाइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

गोकर्णेश्वर-४ स्थित मकालबारीमा बस स्ट्याण्डदेखि देशे जाने सडकअन्तर्गत नेपाल ट्रस्टको स्वामित्वमा रहेको क्षेत्रको सडक चौडा गर्ने उद्देश्यले पर्खाल हटाउने क्रममा नेपाली सेनाका एक अधिकारीसँग भएको बिवादका विषयमा आफ्नो ध्यानाकर्षण भएको उल्लेख गर्दै सांसद पाण्डेले सामाजिक सञ्जालमार्फत नेपाली सेनाप्रति आफ्नो उच्च सम्मान रहेको स्पष्ट पार्नुभएको छ ।

"नेपाली सेना राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता, सुरक्षा तथा विपद्का प्रत्येक चुनौतीपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रही अतुलनीय योगदान पुऱ्याउँदै आएको संस्था हो", उहाँले भन्नुभयो, "सेनाको गौरवशाली इतिहास, अनुशासन, राष्ट्रप्रतिको समर्पण तथा नागरिक संवेदनाप्रतिको सम्मानप्रति पूर्ण विश्वास व्यक्त गर्दछु ।" उहाँले नेपाली सेनाको पूर्ण सहयोग र सहकार्यमा सडक विस्तारको काम सफलतापूर्वक सम्पन्न गरिएको समेत उल्लेख गर्नुभयो ।

सडक विस्तारको कार्य काठमाडौं उपत्यका विकास प्राधिकरण, अधिकार



सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति तथा पूर्वाधार विकास मन्त्रालयका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको सांसद पाण्डेले उल्लेख गर्नुभएको छ ।

## ग्यास आपूर्ति सहज बनाउने प्रशासनको पहल

झापा । जिल्ला प्रशासन कार्यालय झापाले खाना पकाउने एलपिजी ग्यासको आपूर्तिमा समस्या देखिएपछि समाधानका लागि पहल सुरु गरेको छ । प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको अध्यक्षतामा मंगलबार उद्योगी तथा व्यवसायीसँग भएको छलफलमा ग्यास आपूर्ति, वितरण तथा देखिएका समस्याका विषयमा समीक्षा गरिएको छ ।

त्यस अवसरमा प्रमुख जिल्ला अधिकारी गेलालले ग्यास अभावको सूचना प्राप्त हुनासाथ प्रशासनले उद्योगी तथा व्यवसायीलाई बोलाएर आपूर्ति सहज बनाउन आवश्यक समन्वय थालेको बताउनुभयो । उहाँले बजारको निरन्तर अनुगमन गर्दै उपभोक्ताले सहज रूपमा ग्यास पाउने वातावरण बनाउन प्रशासन सक्रिय रहेको पनि जानकारी दिनुभयो ।

"कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तालाई ठग्ने प्रयास गरिए तत्काल कारबाही गर्छौं", प्रमुख जिल्ला अधिकारी गेलालले भन्नुभयो, "छलफलमा ग्यास उद्योगीले आपूर्ति व्यवस्थापनमा केही समस्या



देखिए पनि झापामा ग्यासको वास्तविक अभाव नरहेको बताएका छन् ।" उद्योगी मार्स प्रसाईंले उपभोक्तालाई आवश्यकभन्दा बढी ग्यास भण्डारण नगर्न आग्रह गर्दै आपूर्ति व्यवस्थापन सहज बनाउन उद्योगी, नेपाल आयल निगम र जिल्ला प्रशासनबीच निरन्तर समन्वय भइरहेको बताउनुभयो ।

उहाँका अनुसार आधा सिलिण्डर बाट पुनः १४.२ केजीको पूर्ण सिलिण्डर वितरण प्रणालीमा फर्किएपछि आपूर्ति श्रृङ्खलामा केही दबाव मात्र परेको हो । केही समयमै आपूर्ति व्यवस्था सहज भई भइ उपभोक्तालाई आवश्यक ग्यास उपलब्ध गराउन उद्योग र उद्योगी सक्षम हुने छन् ।

## माइक्रो बसले ओभरटेक गर्दा अन्य सवारीलाई सास्ती

चितवन । नारायणगढ-मुग्लिन सडकखण्डमा माइक्रोबसले जोखिमपूर्ण ढङ्गले 'ओभरटेक' (उछिन्ने) गर्दै तीव्र गतिमा सवारी चलाउने प्रवृत्ति बढ्दा अन्य सवारीचालक तथा यात्रुले सास्ती भोग्नुपरेको छ । पूर्व-पश्चिम तथा काठमाडौं-पोखरा जोड्ने व्यस्त राजमार्गमा पहिरोका कारण हुने अवरोधसँगै यस्ता सवारीको लापरबाहीले ट्राफिक जाम, दुर्घटनाको जोखिम र यात्रामा थप हैरानी बढाएको गुनासो आएको छ ।

बागमती प्रदेश नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय ( रामनगर)का प्रमुख एवं प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेका अनुसार हाइस तथा माइक्रोबसले जथाभावी ओभरटेक गर्दा सडकमा अनावश्यक जाम हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढ्ने गरेको छ ।

उहाँले प्रहरीले देखेका स्थानमा तत्काल कारबाही र चालकलाई सचेत गराउने काम भइरहे पनि कतिपय चालकले प्रहरीको निगरानी छल्दै नियम उल्लङ्घन गर्ने गरेको बताउनुभयो । "हामीले देखेमा कारबाही गर्छौं र चालकलाई सचेत पनि गराउँछौं । तर कतिपय चालकले लुकिछिपी जोखिमपूर्ण ओभरटेक गर्ने गरेका छन्", पाण्डेले भन्नुभयो, "चालक मात्र होइन, यात्रु यस विषयमा सचेत हुन जरुरी छ ।"

तीव्र गति र जथाभावी ओभरटेकका कारण दुर्घटना हुन सक्छ भन्ने बुझेर प्रहरीलाई सूचना दिए नियन्त्रण गर्न थप सहज हुन्छ ।" उहाँका अनुसार सबैलाई छिट्टै गन्तव्य पुग्ने हतार हुने भएकाले जोखिमपूर्ण रूपमा सवारी चलाउने चालकबारे यात्रुले प्रहरीलाई सूचना दिने क्रम भने निकै कम छ । नारायणगढ-मुग्लिन सडकखण्डबाट दैनिक हजारौं सवारीसाधन आवतजावत गर्ने भएकाले एउटै सवारीको लापरबाहीले घण्टौंसम्म ट्राफिक जाम हुने अवस्था सिर्जना हुने गरेको उहाँले बताउनुभयो । अब यस्ता गतिविधि नियन्त्रणका लागि थप व्यवस्थित रूपमा निगरानी र कारबाहीलाई प्रभावकारी बनाइने उहाँको भनाइ छ । पाण्डेका अनुसार सडकका विभिन्न स्थानमा सिसीटिभी क्यामेरामार्फत निगरानी भइरहेको छ भने समयसमयमा स्पिड गन (स्पिड राडार) प्रयोग गरी तीव्र गतिमा सवारी चलाउने चालकमाथि कारबाही गरिँदै आएको छ । "यात्रुलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुर्‍याउनु चालकको कर्तव्य हो," उहाँले भन्नुभयो, "चालकलाई सचेत गराउनु प्रहरीको दायित्व हो । तर केही चालकले प्रहरीलाई छल्ने प्रयास गर्दै आफ्नै र अरुको ज्यान जोखिममा पार्ने गरी सवारी चलाउने गरेका छन् ।"

यहाँका सडकमा समयसमयमा खस्ने पहिरोले लामो सवारी जाम हुने गर्दछ । त्यही बीचमा ओभरटेक गर्दा उद्धारमा समस्या हुने गरेको प्रहरी उपरीक्षक पाण्डेले बताउनुभयो । यस्तो अवस्थामा हुने जामका कारण यात्रुलाई गन्तव्यमा पुग्न झन ढिलो हुने गरेको उहाँको भनाइ छ ।

सम्पादकीय ....

## सम्झनामा निर्मल पुर्जा

निर्मल “निम्स” पुर्जा केवल एक व्यक्ति वा आरोही मात्र होइनन्; उहाँ अठोटका प्रतीक हुनुहुन्थ्यो । साहसका प्रतीक हुनुहुन्थ्यो ।

पर्वतारोहण संसारकै सबैभन्दा जोखिमपूर्ण खेलहरूमध्ये एक हो । उचाइमा प्रकृतिको नियम मात्र चल्छ, जहाँ सानो गल्ती वा मौसमको अचानक परिवर्तनले ज्यान लिन सक्छ । यसले हेर्दा सुन्दर र मनमोहक देखिने हिमालहरूको क्रूर यथार्थ र अनिश्चिततालाई सम्झाउँछन् ।

साँच्चै भन्नुपर्दा अझै पनि मेरो मन-मस्तिष्कले निम्स पुर्जाको मृत्यु भइसकेको स्वीकार्न सकिरहेको छैन । तर, सायद यथार्थ यही हो । निम्स पुर्जाले हिमालमा बिताएका हरेक पलहरू र उहाँले देखाएको अदम्य साहस मानव इतिहासमा सधैं अमर रहनेछन् ।

हिमालका वास्तविक जोखिमहरू र इन्टरनेटमा चल्ने अफवाहहरू जे जस्तो भए पनि, निम्स पुर्जाको नाम हिमालका चुचुराहरू झैं उच्च र अटल छ । उहाँले मानव शरीर र दिमागको क्षमतालाई जुन उचाइमा पुर्‍याउनुभयो ।

कैयौं पुस्तासम्म पर्वतारोहीहरूका लागि एउटा पाठ्यपुस्तक बनिरहनेछ । उहाँको साहस, देशप्रतिको प्रेम र हिमालप्रतिको समर्पणले उहाँलाई विश्व इतिहासमै एक महान् र कहिल्यै नमेटिने पात्रका रूपमा स्थापित गरिसकेको छ ।

निर्मल पुर्जाको एउटा प्रमुख लक्ष्य भनेको हिमाल आरोहणमा नेपाली शेर्पा र पथप्रदर्शकहरूले पाउनु पर्ने उचित सम्मान दिलाउनु थियो । दशकौंदेखि विदेशी आरोहीहरूले हिमाल चढ्दा त्यसको सम्पूर्ण जस आफैं लिने तर उनीहरूको भारी बोक्ने र बाटो बनाउने शेर्पाहरूलाई पृष्ठभूमिमै सीमित राख्ने चलन थियो । निम्सले यसलाई तोड्नुभयो । उहाँले आफ्ना हरेक सफलताको श्रेय आफ्नो टोली र शेर्पाहरूलाई दिनुभयो, जसले गर्दा विश्व पर्वतारोहण जगतले नेपाली आरोहीहरूलाई सहयोगी मात्र नभएर उत्कृष्ट नेतृत्वकर्ताको रूपमा हेर्न थाल्यो ।

पुर्जाको हिमालप्रतिको विशेष आकर्षण सन् २०१२ मा सगरमाथा आधार शिविरको पदयात्रा गरेपछि सुरु भएको थियो । त्यसपछि उहाँले हिमाल चढ्ने तालिमहरू लिन थाल्नुभयो । पुर्जाले कुनै पनि पूर्व अनुभव बिना नै केही हप्ताको तयारीमा यो हिमाल सफलतापूर्वक चढ्नुभयो । यसले उहाँको भित्र लुकेको पर्वतारोहीलाई जगायो । विस्तारै उहाँले सगरमाथा, ल्होत्से र मकालु जस्ता हिमालहरू आरोहण गर्दै आफ्ना लागि नयाँ लक्ष्यहरू तय गर्न थाल्नुभयो र सेनाको जागिर छोडेर पूर्ण रूपमा पर्वतारोहणमा होमिने साहसिक निर्णय लिनुभयो । अठोटका प्रतीक हुनुहुन्थ्यो । साहसका प्रतीक हुनुहुन्थ्यो । आरोहणका अलावा निम्स पुर्जा हिमालको पर्यावरण संरक्षणमा पनि उत्तिकै सक्रिय हुनुहुन्थ्यो। जलवायु परिवर्तन र मानवीय गतिविधिले हिमालहरू प्रदूषित हुँदै गएको देखेर उहाँले ‘बिग माउन्टेन क्लिनअप’ जस्ता अभियानहरू सञ्चालन गर्नुभयो । सगरमाथा, केटु र अन्य हिमालहरूबाट हजारौं किलो पुराना फोहोर, खाली अक्सिजन सिलिन्डर र पालहरू सङ्कलन गरेर तल ल्याउने र हिमाललाई स्वच्छ राख्ने महान मानवको रुपमा परिचित भई स्वर्गारोहण हुनुभएको छ, पुर्जाप्रति हार्दिक श्रदाञ्जली ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## पोडवे यातायातले खोल्न सक्छ नयाँ सम्भावनाको ढोका

कृष्ण अधिकारी

काठमाडौं उपत्यकामा बिहान कार्यालय समय सुरु हुनुअघि नै सडकमा सवारीसाधनको लाम लाग्न थाल्छ। साँझ कार्यालय बन्द भएपछि त्यही दृश्य झन जटिल बन्छ। केही किलोमिटर दूरी पार गर्न घण्टौं लाग्ने अवस्था राजधानीका बासिन्दाका लागि नौलो विषय रहेन । सडक विस्तार, फ्लाइओभर, नयाँ चक्रपथ तथा वैकल्पिक सडक निर्माणका प्रयास भइरहे पनि बढ्दो सवारी चापका कारण ट्राफिक जाम, वायु प्रदूषण र यात्रामा हुने ढिलाइ दीर्घकालीन चुनौतीका रूपमा देखिएका छन् । काठमाडौं मात्र होइन, पोखरा, भरतपुर, बुटवल, विराटनगर, नेपालगञ्जलगायत प्रमुख सहरमा पनि तीव्र सहरीकरणसँगै सार्वजनिक यातायात व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । यही परिस्थितिमा विश्वका विभिन्न मुलुकले प्रयोग र परीक्षण गरिरहेका आधुनिक विद्युतीय सार्वजनिक यातायात प्रणालीमध्ये ‘पोडवे’ वा पर्सनल र्‍यापिड ट्रान्जिट (पिआरटी)’ नेपालका लागि सम्भावित विकल्पका रूपमा चर्चा हुन थालेको छ ।

यातायात क्षेत्रका विज्ञहरूका अनुसार पोडवे कुनै परम्परागत रेल प्रणाली होइन, यो साना विद्युतीय क्याप्सुल (पोड)मार्फत यात्रुलाई स्वचालित रूपमा गन्तव्यसम्म पुर्‍याउने सार्वजनिक यातायात प्रणाली हो । सामान्यतया दुईदेखि ५० जनासम्म यात्रु अट्ने पोड कम्प्युटर प्रणालीद्वारा सञ्चालन हुन्छन् । यात्रुले गन्तव्य चयन गरेपछि पोड बीचमा अनावश्यक रूपमा नरोकी सिधै गन्तव्यसम्म पुग्ने भएकाले समय बचत हुने र सेवा नियमित हुने अपेक्षा गरिन्छ । विश्वका केही मुलुकले सीमित क्षेत्रमा यस प्रणालीको सफल प्रयोग गरिरहेका छन् । बेलायतको हिथ्रो अन्तरराष्ट्रिय विमानस्थलमा सन् २०११ देखि सञ्चालनमा रहेको पोड प्रणालीले पार्किङ क्षेत्र र टर्मिनलबीच यात्रुलाई छोटो समयमा आवतजावत गराउँदै आएको छ । संयुक्त अरब इमिरेट्सको मस्दार सिटीमा पनि वातावरणमैत्री सहरी यातायातको विकल्पका रूपमा यसको परीक्षण गरिएको थियो । दक्षिण कोरिया, स्वीडेन, भारतलगायत देशमा पनि यस्ता प्रणालीको सम्भावना अध्ययन र योजना अघि बढिरहेको छ । नेपालको वर्तमान यातायात प्रणाली मुख्यतया सडक यातायातमै निर्भर छ। कठिन भौगोलिक बनावट, विशेषगरी पहाडी र हिमाली क्षेत्रका कारण अधिकांश सडकमा बाह्रै महिना यातायात सञ्चालन हुन सक्दैन ।

भौगोलिक अवस्थिति, छरपष्ट बस्ती र तीव्र सहरीकरणका कारण विकासको प्रमुख पूर्वाधार मानिने सडक यातायातको निर्माण तथा सञ्चालन निकै महँगो रहेको छ । बढ्दो सहरीकरण र सीमित सडक पूर्वाधारलाई हेर्दा यस्ता वैकल्पिक प्रणालीबारे अध्ययन आवश्यक रहेको छ। सडक चौडा पार्ने काम भइरहे पनि सवारीसाधनको सङ्ख्या तीव्र गतिमा बढिरहेकाले सडक विस्तार मात्र पर्याप्त नहुन सक्छ । जमिनमाथि स्तम्भमार्फत निर्माण गरिने ट्र्याकमा पोड सञ्चालन गर्न सकिने भएकाले थप जग्गा अधिग्रहणको आवश्यकता कम हुने र सडकको सतहमा हुने भीडभाडलाई समेत केही हदसम्म कम गर्न सकिन्छ। यसका सपोर्ट टावरहरुबीचको दूरी तीन किलोमिटरसम्म हुनसक्ने हुँदा गहिरो खोच, नदीहरु र कठिन पहाडी भूभागमा बिना कुनै ठूलो संरचना निर्माण गर्न सकिन्छ ।

देशको ऊर्जा क्षेत्रमा आएको परिवर्तनले पनि विद्युतीय सार्वजनिक यातायात प्रणालीको सम्भावना बढाएको छ । पछिल्ला वर्षमा जलविद्युत् उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ भने सरकारले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने नीति पनि लिएको छ । स्वदेशी विद्युत् प्रयोग गरेर सार्वजनिक यातायात सञ्चालन गर्न सकिए आयातित पेट्रोलियम पदार्थमा निर्भरता घट्नुका साथै विदेशी मुद्रा बचत गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । वातावरण संरक्षणको दृष्टिले पनि यस्तो प्रणालीलाई महत्वपूर्ण मानिन्छ ।

काठमाडौं उपत्यका विश्वका प्रदूषित सहरमध्ये एकका रूपमा पटक-पटक सूचीकृत हुँदै आएको छ । वायु प्रदूषणका प्रमुख स्रोतमा सवारीसाधनबाट निस्कने धुवाँलाई लिइन्छ। विद्युतीय सार्वजनिक यातायात प्रणाली विस्तार गर्न सकिए कार्बन उत्सर्जन र ध्वनि प्रदूषण दुवै घटाउन मद्दत पुग्न सक्छ ।

जलवायु परिवर्तन न्यूनीकरणका लागि नेपालले गरेका अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा समेत यस्ता प्रविधिले सहयोग पुर्‍याउने विश्वास गरिएको छ । पोडवेले यात्रुलाई मात्र होइन, सामान ओसारपसार (कार्गो) को रुपमा पनि प्रयोग गर्न सकिन्छ। यस प्रणालीको अर्को विशेषता यात्राको निश्चित समय हो । सडकमा जाम नहुने भएकाले कार्यालय जाने कर्मचारी, विद्यार्थी, पर्यटक तथा सेवाग्राहीले समयमै गन्तव्यमा पुग्ने सुविधा प्राप्त गर्न सक्छन् । सार्वजनिक यातायातमा देखिने अनियमितता, भीडभाड तथा इन्धनको मूल्यवृद्धिबाट पर्ने प्रभाव पनि कम हुन सक्ने अपेक्षा गरिएको छ। पर्यटन क्षेत्रलाई पनि नयाँ आयाम दिन सक्ने आकलन गरिएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलदेखि ठमेल, पशुपतिनाथ, नयाँ बसपार्क वा अन्य प्रमुख पर्यटकीय क्षेत्र जोड्ने आधुनिक यातायात सेवा सञ्चालन गर्न सकिए विदेशी पर्यटकका लागि सहज र आकर्षक अनुभव बन्न सक्छ। पोखरामा अन्तरराष्ट्रिय विमानस्थल, फेवाताल र प्रमुख पर्यटकीय क्षेत्र तथा लुम्बिनीमा धार्मिक क्षेत्रभित्र वातावरणमैत्री सार्वजनिक यातायातका रूपमा यसको सम्भावना औंल्याइन्छ ।

नेपालमा सार्वजनिक-निजी साझेदारी, विदेशी लगानी र प्राविधिक सहकार्यको माध्यमबाट यसको विकास सम्भव हुनसक्छ। यातायात व्यवस्था विभागले आव २०८२/८३ मा देशको आर्थिक, पर्यटकीय र दुर्गम क्षेत्रको विकासलाई ध्यानमा राख्दै कूल दुई हजार ५५ किमि लामो पोडवेको राष्ट्रिय नेटवर्कको प्रस्ताव गरेको छ । यस प्रविधिलाई कार्यान्वयनमा ल्याउन कानुनी र नीतिगत तयारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । नेपालमा हालसम्म चालकविहीन सार्वजनिक यातायात सञ्चालनसम्बन्धी स्पष्ट कानुनी व्यवस्था छैन। तथापि केही पहलहरु भने सुरु भइसकेका छन् । सरकारले सार्वजनिक यातायातको विभिन्न विकल्पहरुको खोजी गर्ने क्रममा पोडवेसेवालाई एक भरपर्दो विकल्पको रुपमा लिंदै केही नीतिगत निर्णयहरु भएका छन् ।

हालै स्वीकृत राष्ट्रिय यातायात नीति २०८३ मा पनि पोडवे सेवाको आवश्यकतालाई स्वीकार गरिएको छ। आव २०८३/८४ को बजेटमा सरकारले रेल विभाग खारेज गरेसँगै ‘रेल बोर्ड’ गठन गरी त्यसमार्फत कार्यक्रम काठमाडौं उपत्यकामा तार तथा एआई प्रविधिमा आधारित माइक्रो रेल/पोडवेलाई समावेश गरेको छ । यस प्रविधिलाई काठमाडौं उपत्यकामा कार्यान्वयन गर्न उपत्यकाका १३ वटा स्थानीय पालिकाले गरेको निर्णयका आधारमा २०८० सालमा राजपत्रमा सूचना प्रकाशित भई यसलाई प्राथमिकता राखिएको छ ।

अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले २०८० जेठमा काठमाडौं उपत्यकाका नदी कोरिडोरमा सवारी चाप कम गर्न माइक्रो रेल पोडवे सञ्चालनको सम्भावनाका लागि सहरी विकास मन्त्रालयलाई पत्राचार गरेको थियो । यस्तै पोडवे प्रविधिलाई १६औं योजना र राष्ट्रिय योजना आयोगको ‘प्रोजेक्ट बैंक’ मा समावेश गरिसकिएको छ ।

लगानी बोर्ड नेपालले वीरगञ्ज-काठमाडौं व्यापारिक करिडोरका लागि महत्वपूर्ण निर्णय गरिसकेको छ। त्यसैगरी कोशी प्रदेश (७ किमी), लुम्बिनी विकास कोष र कर्णाली प्रदेशमा (२३१ किमी) पोडवे सञ्जाल विस्तारका लागि प्रक्रियाहरू द्रुत गतिमा अघि बढेका छन् ।

पोडवेले सडक यातायातलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने होइन । बरु बस सेवा, सम्भावित मेट्रो वा रेल, रोपवे, साइकल लेन तथा पैदलमार्गसँग एकीकृत सार्वजनिक यातायात प्रणालीको पूरक माध्यमका रूपमा यसको विकास गर्न सकिने अवधारणा अघि सारिएको छ। विश्वका धेरै सहरले पनि एउटै प्रणालीमा निर्भर हुनुको सट्टा बहुआयामिक सार्वजनिक यातायात सञ्जाल निर्माणलाई प्राथमिकता दिएका छन् । नेपालले विद्युतीय सवारीसाधन प्रवर्द्धनलाई प्राथमिकता दिइरहेका बेला भविष्यका सार्वजनिक यातायात प्रणालीबारे अध्ययन सुरु गर्नु समयसापेक्ष मानिएको छ। बढ्दो ट्राफिक जाम, प्रदूषण, इन्धनमा परनिर्भरता तथा सुरक्षित सार्वजनिक यातायातको आवश्यकता सम्बोधन गर्न नयाँ प्रविधिबारे अनुसन्धान र बहस आवश्यक रहेको छ। नेपालको भौगोलिक अवस्था, आर्थिक क्षमता, यात्रु माग र प्राविधिक तयारीलाई आधार बनाएर वैज्ञानिक अध्ययन, स्पष्ट नीति, पारदर्शी लगानी व्यवस्था र दीर्घकालीन दृष्टिकोणका साथ अघि बढ्न सकिए पोडवे भविष्यमा सहरी सार्वजनिक यातायातको एउटा प्रभावकारी विकल्प बन्न सक्ने सम्भावना रहेको जानकारहरूको निष्कर्ष छ। देशको विकास यात्रामा अब प्रश्न केवल थप सडक निर्माण गर्ने मात्र होइन, दिगो, सुरक्षित र वातावरणमैत्री सार्वजनिक यातायात प्रणालीको खोजी पनि हो ।

विश्वमा विकास भइरहेका नयाँ प्रविधिलाई नेपालको आवश्यकता र क्षमताअनुसार मूल्याङ्कन गर्दै अघि बढ्न सकिए भविष्यमा पोडवेले सहरी यातायात व्यवस्थापनमा नयाँ अध्याय सुरु गर्ने सम्भावनालाई नकार्न सकिँदैन ।

## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघिः**
- **स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,**
- **खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,**
- **घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,**
- **आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,**
- **जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।**

**बाढी/पहिरो आएमाः**
- **अनावश्यक हिंडडुल नगरौं,**
- **सुरक्षित स्थानतर्फ जाऔं,**
- **बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,**
- **खोलानाला सुरक्षित तवरले तरौं,**
- **अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,**
- **घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

## नवजात शिशु र गर्भवतीका लागि निःशुल्क सिकलसेल स्क्रिनिङ सेवा

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिकलसेल तथा थालसेमियाको परीक्षण, उपचार र व्यवस्थापनका लागि नवजात शिशु र गर्भवती महिलाका लागि निःशुल्क स्क्रिनिङ सेवा सञ्चालनमा ल्याएको छ ।

मन्त्रालयले सिकलसेल तथा थालसेमियाका विपन्न बिरामीलाई उपचारका लागि अधिकतम रु एक लाख आर्थिक सहायता तथा स्वास्थ्य बिमामार्फत थप रु एक लाखसम्मको सुविधा उपलब्ध गराएको छ । यस्तै कान्ति बाल अस्पताल र भेरी अस्पतालमा बजेट विनियोजन गरिएको छ । प्रतिनिधिसभाको चालु अधिवेशनका विभिन्न बैठक र समयमा सांसदले राख्नुभएका स्वास्थ्यसम्बन्धी प्रश्नको जवाफ दिँदै स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विशेषगरी पश्चिम तराईका थारु समुदायमा सिकल सेल एनिमिया गम्भीर जनस्वास्थ्य समस्याका रूपमा रहेकाले रोकथाम, पहिचान र उपचारका लागि सरकारले विभिन्न अस्पतालमा निःशुल्क परीक्षण, उपचार र औषधि उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

भेरी अस्पताल, सेती प्रादेशिक अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा बर्दिया जिल्ला अस्पताललाई सिकलसेल उपचार केन्द्रका रूपमा सञ्चालन गरिएको उहाँले स्पष्ट पार्नुभयो । मन्त्री मेहताले स्वास्थ्य सेवा विभागले सिकलसेल तथा थालसेमिया व्यवस्थापनसम्बन्धी राष्ट्रिय निर्देशिका लागू गरेको र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वयमा सिकल सेल रजिस्ट्री निर्माणको कार्य अघि बढिरहेको बताउनुभयो । उहाँले लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा उपचार तथा व्यवस्थापनका लागि बजेट हस्तान्तरण भई कार्यान्वयनमा रहेको र प्रभावित जिल्लामा जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम समेत सञ्चालन भइरहेको बताउनुभयो ।

मन्त्री मेहताले ट्रमा सेन्टर र सघन उपचारसम्बन्धी विषयप्रति सरकार गम्भीर रहेको र मधेसको लहान, बागमतीको कमलामाई, गण्डकीको देवचुली, लुम्बिनीको बर्दघाट र सुदूरपश्चिमको लम्कीचुहामा ट्रमा सेन्टर स्थापना स्वीकृत भइसकेको जानकारी दिनुभयो । स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७७ अनुसार ५० वा सोभन्दा बढी शय्या भएका अस्पतालमा कम्तीमा ५ प्रतिशत आइसिसी बेड अनिवार्य गरिएको मन्त्री मेहताले बताउनुभयो । सेवालाई प्रभावकारी बनाउन भेन्टिलेटर, २४सै घण्टा नर्सिङ सेवा, विशेषज्ञ चिकित्सक र आवश्यक निगरानी प्रणालीको व्यवस्था सुनिश्चित गरिँदै आएको बताउँदै उहाँले विपन्न नागरिकको सघन उपचारमा पहुँच बढाउन बिरामीको चाप बढी भएका सङ्घीय अस्पतालमा थप आइसियु बेड विस्तार गर्ने प्रक्रिया अघि बढाइने बताउनुभयो ।

डाइलासिस सेवा

मन्त्री मेहताले विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत हेमोडायालाइसिस सेवाका लागि हालसम्म सूचीकृत १२३ वटा अस्पतालबाट नियमित हेमोडायालाइसिस सेवा प्रवाह भइरहेको जानकारी दिनुभयो ।

डाइलासिस सेवा लिने बिरामीले नजिकको सूचीकृत स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्ने गरी बिरामीको चापको आधारमा थप डाइलासिस मेसिन उपलब्ध गराउने र थप स्वास्थ्य संस्था सूचीकृत गर्ने कार्य अगाडि बढ्ने उहाँले जानकारी दिनुभयो । जलनसम्बन्धी घटनाबाट आफ्ना नागरिकले भोग्नुपरेको पीडा र यसको उपचारका लागि विदेशिनुपर्ने बाध्यता प्रति सरकार गम्भीर र संवेदनशील रहेको बताउँदै मन्त्री मेहताले उपचारभन्दा रोकथाम उत्तम भन्ने सिद्धान्त र स्वास्थ्य क्षेत्रमा लगानी नै मानव पुँजी निर्माण हो भन्ने तर्कसँग सरकार पूर्णतः सहमत रहेको बताउनु भयो । "सरकारले जलन उपचार सेवालाई थप विस्तार गर्ने नीति लिएको छ । यसअन्तर्गत सङ्घीय विशिष्टीकृत अस्पतालमा नयाँ बर्न युनिटको स्थापना गर्ने, वीर अस्पताल र कीर्तिपुर अस्पतालको जलन सघन उपचार क्षमतालाई सुदृढ तुल्याउने तथा प्लास्टिक र रिकन्स्ट्रक्टिभ सर्जरी सेवालाई सरकारी अस्पतालमा संस्थागत रूपमै विस्तार गर्ने कार्यलाई बजेट विनियोजनमा उच्च प्राथमिकतामा राखेका छौं ।" सातै प्रदेशमा अत्याधुनिक बर्न युनिट, बर्न आइसियु र पुनःस्थापना केन्द्र स्थापना गर्ने मागलाई गम्भीरतापूर्वक लिइएको उहाँले बताउनुभयो । मन्त्री मेहताले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनामार्फत मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य प्रणालीमा एकीकृत गरिएको जानकारी गराउनुभयो ।

सरकारले नीति तथा कार्यक्रम मार्फत राष्ट्रिय मानसिक स्वास्थ्य नीति तर्जुमा गरी स्थानीय तहका स्वास्थ्य संस्थाबाट समेत आधारभूत मनो-सामाजिक परामर्श सेवा उपलब्ध गराउने लक्ष्य लिइएको उहाँले स्पष्ट पार्नुभयो ।

## नेप्से परिसूचक दोहोरो अंकले घट्यो

काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापन गर्ने नेप्से परिसूचक मंगलबार दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव १५ अङ्कले घटेर दुई हजार ६६३ दशमलव १८ अङ्कमा झरेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ६६ अङ्कले घटेर ४६७ दशमलव ९६ पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव ४० अङ्कले घटेर १८३ दशमलव ३३ मा पुगेको छ भने सेन्सेटिभ फ्लोट सूचक एक दशमलव आठ अङ्कले घटेर १५८ दशमलव ५७ मा पुगेको छ । मंगलबार विभिन्न कम्पनीका एक करोड सात लाख ६१ हजार ३९६ कित्ता सेयर रु चार अर्ब सात करोड आठ लाख ५३ हजार ६१० मा खरिद बिक्री भएको छ । मंगलबार १३ उपसमूहमध्ये १३ वटै उपसमूह घटेका छन् । आज ५९ कम्पनीको सेयर मूल्य वृद्धि भएको छ भने २१३ कम्पनीको सेयर घटेको छ । साथै पाँच कम्पनीको सेयर मूल्य स्थिर छ ।

नेप्सेका अनुसार मंगलबार एभरेष्ट कलर लिमिटेड, खानीखोला हाइड्रोपावर कम्पनी, जोशी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । सप्तकोशी डेभलपमेन्ट बैंक, केविएल डिबेञ्चर, गुडविल फाइनान्स लिमिटेड डिबेञ्चरलगायत लगानीकर्ताले गुमाएका छन् ।

## नीति, कार्यक्रम तथा बजेटका विषय समेटिएको पुस्तिका सार्वजनिक

विराटनगर । विराटनगर महानगरपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटसम्बन्धी विषयवस्तु समेटिएको पुस्तक सार्वजनिक गरेको छ ।

पुस्तक सार्वजनिक गर्दै महानगर पालिका कावा अध्यक्ष मधुबाबु तिवारीले महानगरपालिकाभित्र सञ्चालित योजना र नीति तथा कार्यक्रम एवं बजेटमा समावेश विषयवस्तुबारे नगरवासीलाई जानकारी गराउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । पुस्तकमा समावेश भएका योजना र कार्यक्रमबारे आमजनतालाई सुसूचित तुल्याउने उद्देश्यले पुस्तक तयार गरी सार्वजनिक गरिएको महानगरपालिकाका- ११ का वडाध्यक्ष तीथेन्द्र न्यौपानेले बताउनुभयो ।

कूल रु तीन अर्ब ६८ करोड ४७ का योजना तथा कार्यक्रम समावेश भएको त्यस पुस्तकबाट योजना कार्यान्वयनबारे जानकारी लिन र कार्यान्वयन गर्न सहज हुने विश्वास लिइएको छ ।

महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्माले पुस्तकले जनप्रतिनिधिलाई जिम्मेवारी र दायित्वको बोध गराउने बताउनुभयो ।

## प्रतिनिधिसभा : तराई-मधेसमा पानी नपरेर खेत बाँझै भयो

काठमाडौं । प्रतिनिधिसभाका सांसदहरूले तराई मधेसका जिल्लामा पानी नपरेर समस्या भएको बताउनुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद चन्द्रमोहन यादवले तराई मधेसमा महिनौंदेखि वर्षा नभएको बताउँदै साउन सकिन लाग्दा पनि खेत बाँझै रहेको सुनाउनुभयो ।

सांसद जगतप्रसाद जोशीले भारतले नेपालको सहमतिविना निर्माण गरेको बाँधका कारण नेपाली भूमि डुबानमा परेको उल्लेख गर्दै कैलाशपुरीमा यस्तै भएको बताउनुभयो । सांसद जगदीश खरेल (ललितपुर) ले सुनसरी र सिराहको घटनामा सरकारले सुझबुझ समाधान गरेको, यस विषयमा विपक्षी दलले पनि साथ दिएको बताउनुभयो । सांसद जनकराज गिरीले सांसदले उठाएका विषयको काम के भयो भनी प्रश्न गर्नुभयो । सांसद जनकसिंह धामीले बेलौरी भन्सार स्तरोन्नति गर्न, सामाजिक सद्भाव कायम राख्न, जग्गा नभएकालाई पुर्जा दिनुपर्ने माग गर्नुभयो ।

सांसद जयपति रोकायाले हुम्लामा बाढीले जनश्रमदानबाट निर्माण भएको पुल र बाटो बगाएकाले बस्तीलाई सुरक्षित स्थलमा स्थानान्तरण गर्न माग गर्नुभयो । सांसद झवीलाल डुम्रेले असार ३२ गते गल्याङ नगरपालिका-६ मा धनबहादुर थापाले गोठ भत्केर जीवन गुमाउनुभयो । बाली नगरपालिकामा मोटरसाइकल चलाइरहेका समाजसेवीका अर्को सवारी दिएको ठक्करले विनोद अर्यालको निधन भएकाले यस्ता घटना नहुने वातावरण बनाउन माग गर्नुभयो ।

सांसद टुकाभद्र हमालले निर्मल पूर्जाले नेपाली युवालाई प्रेरणा दिएकाले पर्वतारोहणका बेला निधन भएका पूर्जाका विषयमा उपयुक्त निर्णय गर्न माग गर्नुभयो । सांसद ठाकुरसिंह थारुले खेतमा मल छैन, भान्सामा ग्यास छैन, गर्मी छ फ्यान चलाउन बत्ती छैन भन्दै गुनासो गर्नुभयो । सांसद तारा विश्वकर्माले अव्यवस्थित प्लटिङ नरोके विपद् निम्त्याउन सक्ने भएकाले सचेत गराउन माग गर्नुभयो ।

सांसद डा तोसिमा कार्कीले कान्ति लोकपथको मार्ग परिवर्तन गर्दा स्थानीयवासी समस्यामा परेकाले निर्णय खारेज गर्न माग गर्नुभयो ।

## मुन्दडाको घरमा खानतलासी गर्ने मोरङ प्रहरी प्रमुखसँग स्पष्टीकरण माग

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालयले व्यवसायी बेनी गोपाल मुन्दडाको घरमा खानतलासी गरिएको सम्बन्धमा मोरङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) कवित कटवालसँग २४ घण्टे स्पष्टीकरण माग गरेको छ ।

कार्यालयले सो समयभित्र सम्बन्धित प्रमाण, अभिलेख र कागजातसहित लिखित स्पष्टीकरण पेश गर्न निर्देशन दिएको हो ।

विराटनगर महानगरपालिका-७, गोश्वारा रोडस्थित मुन्दडाको घरमा यही साउन १८ गते ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरी खानतलासी गरिएको थियो । कोशी प्रदेश प्रहरी कार्यालयले उक्त घटनाका सम्बन्धमा प्राप्त सूचना, उपलब्ध विवरण तथा प्रारम्भिक तथ्यका आधारमा प्रहरी परिचालनको वैधता, निर्णय प्रक्रिया र कार्यसम्पादनका विषयमा गम्भीर कानुनी तथा कार्यविधिगत प्रश्न उठेको जनाएको छ । कार्यालयले प्रहरी सङ्गठनको कार्यसम्पादन कानुनी शासन, आवश्यकताको सिद्धान्त, समानुपातिकता को सिद्धान्त, जवाफदेहिता तथा प्रचलित कानुन र प्रहरी नियमावली अनुसार भएको सुनिश्चित हुनुपर्ने उल्लेख गरेको छ ।

स्पष्टीकरण पत्रमा प्रदेश प्रहरी कार्यालयले प्रहरी परिचालन कुन सूचना वा गोप्य सूचनाको आधारमा गरिएको थियो ? सूचनाको विश्वसनीयता कसरी परीक्षण गरिएको थियो ? ठूलो सङ्ख्यामा प्रहरी परिचालन गर्नुको औचित्य के थियो ? परिचालन आदेश कुन अभिलेखका आधारमा जारी गरिएको थियो ? खानतलासीका लागि आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको थियो वा थिएन ? बरामद भएको वस्तु वा प्रमाण के थिए ? अपराधसम्बन्धी प्रमाण नपाइए पनि ठूलो सङ्ख्यामा प्रहरी परिचालन गर्नुको आवश्यकता र औचित्य के थियो ? उक्त घटनाले उद्योगी-व्यापारी र सर्व-साधारणमा परेको प्रभावबारे धारणा मागेको छ ।

एसपी कटवालसँग प्रहरी स्यानुअल, आन्तरिक कार्यविधि तथा व्यावसायिक आचारसंहिताको पालना भएको पुष्टि गर्ने आधार, आफ्नो भूमिका र जिम्मेवारीको सीमा पनि स्पष्ट रूपमा खुलाउन स्पष्टीकरणमा भनिएको छ । तोकिएको अवधिमा चित्तबुझ्दो स्पष्टीकरण प्राप्त नभए वा सन्तोषजनक नदेखिए प्रहरी ऐन, प्रहरी नियमावली तथा अन्य प्रचलित कानुनबमोजिम विभागीय कारबाहीको प्रक्रिया अघि बढाइने चेतावनी पनि दिएको छ ।

## जनसरोकारको मुद्दा उठाउँदा सांसदनै आजित

काठमाडौं । संसद्मा जनसरोकारका विषय उठाउँदा पर्याप्त सञ्चारमाध्यमको ध्यान नपाउने तर व्यक्तिगत टिप्पणी, ट्रोलिङ र चरित्रमाथिका प्रश्नले भने बढी चर्चा पाउने गरेको सांसदहरूको गुनासो छ । यस्ता प्रवृत्तिले सार्वजनिक रूपमा बोल्ने आत्मविश्वासमा असर परेको महिला सांसदहरूको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा ललिता कुमारीले पटकपटक सदनमा जनसरोकारका विषय उठाए पनि ती विषयले सञ्चार माध्यममा पर्याप्त स्थान नपाएको गुनासो गर्नुभयो । व्यक्तिगत टिप्पणी र चरित्रमाथि आक्षेप लगाउने सामग्री तथा प्रतिक्रियाले भने बढी स्थान पाउने उहाँको भनाइ छ ।

"मैले एकपटक हैन, पटकपटक सदनमा जनसरोकारको विषय उठाएको छु", उहाँले भन्नुभयो, "सञ्चार माध्यममा त्यो जनताको आवाज मैले उठाउँदा कहींकतै स्थान पाएको छैन । तर व्यक्तिगत टिप्पणी र चरित्रहत्या गर्ने सञ्चारकर्मी एवं कमेन्टहरू धेरै छन् ।" प्रतिनिधिसभाका महिला सांसदहरूले आफूहरूले भोगिरहेका समस्या 'कभरेज' नपाउने मात्र नभइ कतिपय व्यक्तिगत विषयमा अनावश्यक टिकाटिप्पणी हुने गरेको अनुभव बताउनुहुन्छ । समाचारमा आफूहरूले उठाएका राजनीतिक मुद्दाभन्दा लैङ्गिकता, पहिचान, पहिरन, अनुहार, समुदाय र निजी जीवनले प्राथमिकता पाउने गरेको भन्दै आफूहरू हतोत्साहित हुनुपरेको उहाँहरूको भनाइ छ ।

नेकपा (एमाले) का सांसद रिगइला यादवले सञ्चारकर्मीसँग आफ्ना कुरा राख्नसमेत डर लाग्न थालेको अनुभव सुनाउनुभयो । "म पत्रकार/सञ्चारकर्मीसँग डराउछु, धेरै डराउन थालेको छु", उहाँले भन्नुभयो, "मेरो अभिव्यक्तिलाई जसरी प्रस्तुत गर्न खोजिन्छ, भिडियोमा आउने तुच्छ कमेन्टले म आजित छु ।" उहाँका अनुसार सञ्चार माध्यम र सामाजिक सञ्जालमा हुने 'ट्रोलिङ'ले आफूलाई सार्वजनिक रूपमा अभिव्यक्ति दिनसमेत असहज बनाएको छ । "जुन किसिमले मेरो ट्रोल बनाइयो, आत्मविश्वास मात्र खस्केको छैन, सञ्चारकर्मीसँग बोल्न मलाई डर लाग्न थालेको छ", उहाँले भन्नुभयो । नेपाली कांग्रेसका सांसद रेखाकुमारी यादवले आफू मधेसी समुदायको भएकै कारण फरक दृष्टिकोणबाट आउने टिप्पणीप्रति आपत्ति जनाउनुभयो । "तपाईं मधेसी जस्तो लाग्नुहुन्न, कति स्पष्ट बोल्नुभएको भन्ने टिप्पणी हास्यास्पद लाग्छ", उहाँले भन्नुभयो । मधेसी तथा दलित समुदायका महिलाको मिडिया प्रभावकारी उपस्थिति अझै कम रहेको भन्दै उहाँले राष्ट्रिय मुद्दामा बोल्दा विषयभन्दा पहिरन, अनुहार वा बाहिरी प्रस्तुतीले प्राथमिकता पाएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । नेपाली कांग्रेसकी सांसद नीनुकुमारी कर्णले मधेसी महिलामाथि हुने 'स्टेरियोटाइपिङ' का कारण आफूहरूले उठाउने विषय ओझेलमा पर्ने गरेको बताउनुभयो । उहाँका अनुसार महिला सांसदहरूको राजनीतिक भूमिकालाई सबल बनाउन व्यक्तिगत टिप्पणी र पूर्वाग्रही प्रस्तुतीले बाधा पुर्याइरहेको छ ।

सार्वजनिक रूपमा हुने ट्रोलिङ र डिजिटल हिंसाले महिला सांसदहरूको राजनीतिक आवाज नै कमजोर हुने सांसद पार्वती विकको भनाइ छ । "अब त हिंसा भोग्न कसैसँग भेट्नै पर्दैन", उहाँले भन्नुभयो, "कति सजिलै हामीमाथि विभिन्न माध्यमबाट हिंसा गरिन्छ । डिजिटल हिंसा विरुद्ध अब सामूहिक चेत र आवाज बोल्नुपर्छ ।"

(राप्रपा) का सांसद सरस्वती लामाले महिलाको राजनीतिक परिचयसमेत पुरुषसँग जोडेर प्रस्तुत गर्ने प्रवृत्तिको अनुभव सुनाउनुभयो । निर्वाचित भएपछि सञ्चार माध्यममा आफ्नो परिचयमा पटकपटक श्रीमान्को नाम जोडिएको उहाँले गुनासो गर्नुभयो । नेपाली कांग्रेसका प्रमुख सचेतक वासना थापाले राजनीतिमा महिलाको उपस्थितिलाई स्थापित गर्न सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । "कर्णालीबाट महिला निर्वाचित हुन सक्ने आत्मविश्वास मिडियाले सहयोग गर्यो", उहाँले भन्नुभयो, "सांसदको भूमिकामा हामीलाई अब्बल बन्ने प्रयासमा मिडियाले पनि हाम्रो उपस्थितिलाई स्थान दिनुपर्दछ ।" 'एफडब्लुएल्डी' ले आज यहाँ आयोजना गरेको कार्यक्रममा सांसदहरूले सञ्चार माध्यम सँगको आफ्नो अनुभव सुनाउनुभयो ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

### मालपोत कार्यालय धादिङमा अधिकांश सेवा एकै दिनमा

# कागजात पूरा भए जग्गा किनबेच, नामसारी र रोक्का-फुकुवा सोही दिन सम्पन्न हुने

प्रत्यूष समाचारदाता

धादिङबेशी । मालपोत कार्यालय धादिङले आवश्यक कागजात र कानुनी प्रक्रिया पूरा भएका सेवाग्राहीलाई जग्गा किनबेच, नामसारी, रोक्का-फुकुवा तथा रजिस्ट्रेसनलगायत अधिकांश सेवा एकै दिनमा उपलब्ध गराउँदै आएको जनाएको छ ।

भूमि प्रशासन अधिकृत मनोजकुमार पोखरेलका अनुसार कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र सेवामुखी बनाउँदै छिटो तथा सहज रूपमा काम सम्पन्न गर्ने व्यवस्था मिलाइएको हो । आवश्यक कागजात पूरा भएका सेवाग्राहीको काम अनावश्यक रूपमा रोक्न वा अर्को दिन बोलाउन नहुने नीति कार्यालयले अपनाएको उहाँले बताउनुभयो । कार्यालयले कर्मचारीलाई सेवाग्राहीसँग शिष्ट र जिम्मेवार व्यवहार गर्न निर्देशन दिएको छ। कुनै कर्मचारीले सेवाग्राहीसँग रिसाउने, झर्किने वा असभ्य व्यवहार गर्न नपाउने आन्तरिक व्यवस्था गरिएको छ। तत्काल काम हुन नसक्ने अवस्था भए त्यसको स्पष्ट कानुनी कारण जानकारी गराएर मात्र सेवाग्राहीलाई फर्काइने पोखरेलले बताउनुभयो ।

बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित जग्गा रोक्का र फुकुवाको प्रक्रिया अनलाइन प्रणालीमार्फत सञ्चालन भएपछि सेवा थप सहज भएको कार्यालयको भनाइ छ। बैंकले अनलाइनबाट विवरण पठाएपछि कार्यालयले कागजात परीक्षण गरी रोक्का, फुकुवा वा आवश्यक कैफियत उल्लेख गरेर प्रक्रिया अघि बढाउने गरेको छ । जग्गा वर्गीकरण स्थानीय तहको जिम्मेवारीअन्तर्गत पर्ने जनाउँदै कार्यालयले धादिङका अधिकांश स्थानीय तहमा वर्गीकरण सम्पन्न भइसकेको जनाएको छ। ज्वालामुखी र रुबीभ्याली गाउँपालिकामा भने वर्गीकरणको काम बाँकी रहेकाले प्रक्रिया पूरा गर्न ताकेता गरिएको छ।

सार्वजनिक जग्गा दर्ता, अतिक्रमण, विवादित जग्गा तथा कानुनी मुद्दासम्बन्धी केही विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विभाग र अन्य निकायबाट अनुसन्धान भइरहेको कार्यालयले जनाएको छ। अनुसन्धान वा मुद्दा प्रक्रियामा रहेका जग्गाबारे कानुनी प्रक्रिया पूरा भएपछि मात्र निर्णय गरिने पोखरेलले स्पष्ट पार्नुभयो ।

## प्रतिनिधिसभा : रेबिज सङ्क्रमण रोकथाम गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ । प्रतिनिधिसभाको बैठकको मंगलबारको आकस्मिक समयमा सांसदहरूले जाजरकोट घटनादेखि बाढी पहिरो, चिकित्सक अभाव एवं रेबिजका सङ्क्रमणका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकको नेपाली कांग्रेसका सांसद खड्गबहादुर बुढाले जाजरकोट, डोल्पा र रुकुम पश्चिमका नागरिकले भेरी खोरिडोरको खोलामा पुल निर्माण हुन नसक्दा आवतजावत र ती जिल्लामा खाद्यान्न पुर्‍याउन समस्या भएको भन्दै चाँडे निर्माण गर्न सरकारसँग माग गर्नुभयो ।

राष्ट्रिय स्वतन्त्रता पार्टी (रास्वपा) सांसद लेखजङ्ग थापाले पाँचथर जिल्लाका विभिन्न क्षेत्रमा रेबिज सङ्क्रमण फैलिएको भन्दै रोकथामका लागि सरकारसँग अपिल गर्नुभयो ।

उहाँले ५० भन्दाबढी जनावरमा लक्षण देखिएको र १५ वटा जनावर मरिसकेको जानकारी गराउनुभयो । नेकपाका सांसद रमेशकुमार मल्लले चिकित्सा शिक्षा आयोगले गत असार ११ गते सार्वजनिक गरेको शैक्षिक क्यालेन्डर अनुसार साउनको पहिलो हप्तामा चिकित्सा शिक्षासम्बन्धी १७ वटा शैक्षिक कार्यक्रमका लागि आवेदनको सूचना सार्वजनिक गर्नुपर्नेमा सरकारले आयोगका पदाधिकारी लाई अध्यादेशमार्फत पदमुक्त गरेपछि अन्योलमा परेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रास्वपाका सांसद शम्भुकुमार यादवले सुनसरी घटनाको विषयलाई लिएर राज्य सचेत हुनुपर्नेमा जोड दिँदै आगामी दिनमा यस्ता घटना दोहरिन नदिन सरकारले ध्यान पुर्‍याउनुपर्नेमा जोड दिनुभयो ।

रास्वपाका सांसद भरत पराजुलीले विपी राजमार्गमा साउन १८ गते सिन्धुलीमा बस र कारको ठक्करमा परी चारजना सवार सुनकोसी नदीमा परेको तर अहिलेसम्म खोजी हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रास्वपाका सांसद अरबिन्द साहले सुनसरी घटनाको विषयमा सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने र आगामी दिनमा त्यस्ता घटना दोहरिन नदिन सरकार सचेत हुनुपर्ने बताउनुभयो ।

## अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालय मातहत राख्न आवश्यक

काठमाडौँ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहतको सट्टा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राख्नु उचित हुने बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा 'नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३' माथिको सैद्धान्तिक र दफाबार छलफलका क्रममा सांसदहरूले राखेको जिज्ञासामा मन्त्री गौतमले उक्त धारणा व्यक्त गर्नुभएको हो । साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयकमा उक्त विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राख्ने व्यवस्था गरिएको छ ।

गृह मन्त्रालय मातहत नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमार्फत नियमित शान्ति सुरक्षा, अपराध अनुसन्धान र आन्तरिक सुरक्षाका क्षेत्रमा कामको जिम्मेवारी दिइएकामा गुप्तचरको कार्य गर्ने विभागको काम विशिष्टीकृत र उपल्लोस्तरको रहेको उहाँले तर्क गर्नुभयो । समितिका सभापति हरि ढकालको अध्यक्षतामा भएको बैठकमा सदस्यहरूले सो विभाग व्यावसायिक कार्यदक्षताका दृष्टिमा कमजोर भएकाले नयाँ ढङ्गबाट पुनः गठन गर्न कानुनी प्रबन्ध हुनुपर्नेमा जोड दिनुभएको थियो ।

### समितिबाट विधेयक पारित

समितिको आजको बैठकले विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत हुने गरी विधेयकलाई पारित गरेको छ। प्रतिपक्षी दलहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसदहरूले विभागलाई गृह मन्त्रालय मातहत राख्नुपर्ने धारणा राख्दै संशोधन राखिएकामा बैठकको बहुमतले विधेयक पारित गरेको हो। अब पारित प्रतिवेदन संसद्मा प्रस्तुत हुनेछ। प्रतिनिधिसभामा गत असार १५ गते दर्ता भएको सो विधेयकमाथि गणेशकुमार विश्वकर्मा, युवराज दुलाल र सुशीला खड्काले संशोधन राख्नुभएको थियो ।

## रसुवागढीबाट १३ अर्ब ६४ करोड ६० लाख राजस्व

काठमाडौँ। रसुवा भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा रु १३ अर्ब ६४ करोड ६० लाख राजस्व सङ्कलन गरेको छ ।

गत वर्ष ल्हेन्दे खोलामा आएको बाढीले नेपाल र चीन जोड्ने मितेरी पुल बगाएपछि लामो समय आवतजावत ठप्प हुँदा निर्धारित लक्ष्यको करिब एक तिहाइ मात्र राजस्व सङ्कलन भएको प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले जानकारी दिनुभयो। उहँका अनुसार गत वर्ष रु ४० अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा मितेरी पुल बगेपछि दुईतर्फ हुने सामन आयात-निर्यात ठप्प भएपछि निर्धारित लक्ष्यबमोजिम राजस्व सङ्कलन गर्न नसकिएको हो । सङ्घीय राजधानी काठमाडौँबाट नजिक पर्ने सो व्यापारिक नाकाबाट चालु आर्थिक वर्षका लागि रु २५ अर्ब ५० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको उहाँले जानकारी दिनुभयो ।

सो व्यापारिक नाकाबाट गत आव २०८२/८३ मा रु ४३ अर्ब ७३ करोड बराबरका विभिन्न मालसामान नेपाल भित्रिएको थियो । त्यस्तै अघिल्लो आव २०८१/८२ मा रु ८५ अर्ब २३ करोड बराबरका सामग्री आयात भएको थियो ।

चीनको तिब्बत स्वायत्त क्षेत्रस्थित केरुङ सहरबाट नेपालमा दैनिक उपभोग्य वस्तु, तयारी पोसाक, विद्युतीय सामग्री, जलविद्युत् आयोजनाका उपकरण, विद्युतीय सवारीसाधन तथा अन्य औद्योगिक सामग्री यही नाका हुँदै नेपाल भित्रिने गरेको छ ।

## राजस्व चुहावट गरेको भन्दै आरोपपत्र दायर

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गढवा गाउँपालिका दाङका तत्कालीन अध्यक्ष सहजराम अहिरसहित पाँच जनालाई राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ ।

आयोगले मंगलबार तत्कालीन अध्यक्ष अहिरसमेत पाँच जना र सगुन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रालि बुटवल उपर राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले आव २०७६/७७ मा वडा नं १ र २ को विभिन्न स्थानमा नदीजन्य पदार्थको सङ्कलन तथा निकासीको बोलपत्र आह्वान गरेको र बोलपत्र भएपश्चात ठेकेदारसँग आपसी मोलमोलाई गरी सम्झौताविना कार्यालयबाट सहीछापसहितको नगदी रसिद जारी गरी अनियमित ढङ्गले ठूलो परिमाणको राजस्व रकम हिनामिना गरेको आरोपमा आरोपपत्र दायर गरिएको जानकारी दिनुभयो ।

आयोगले गढवा गाउँपालिका दाङका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लालबहादुर योगी, तत्कालीन राजस्व शाखा प्रमुख शम्भू चौधरी, सगुन कन्स्ट्रक्सन, बुटवल भनि सगुन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रालि रुपन्देही, उक्त कम्पनीका प्रबन्ध निर्देशक सहदेव खड्का र प्रतिनिधि विकास पुन भन्ने विरास पुनमाथि आरोपपत्र दायर गरेको जनाएको छ ।

## प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव

काठमाडौँ । प्रतिनिधिसभामा भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासी नागरिकको अवस्था र व्यवस्थापन सम्बन्धीको जरुरी सार्वजनिक महत्वको विषय प्रस्तुत गरिएको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे प्रस्तावक रहेको उक्त प्रस्तावको समर्थकमा नेकपा (एमाले) का प्रमुख सचेतक ऐनबहादुर महर र नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राई रहनुभएको छ। नेता आङ्देम्बेले तत्काल गर्नुपर्ने कामको साझा कार्ययोजना तयार पारी कार्यान्वयन सुरु गर्न उक्त प्रस्ताव ल्याइएको बताउनुभयो ।

उहाँले सभामुखमार्फत सरकारलाई सात दिनभित्र एकीकृत कार्ययोजना सार्वजनिक गर्न माग गर्नुभयो ।

सरकारले प्रत्येक १५ दिनमा प्रगति विवरण समितिमा पेस गर्नुपर्ने र र समस्या समाधान नभएसम्म मासिक रूपमा सदनलाई जानकारी गराउनुपर्ने प्रस्तावमा उल्लेख छ ।

## वाणिज्यतर्फ नबिल र विकास बैंकतर्फ रेसुंगाले जित्यो आइसिसी इमर्जिङ अवार्ड

काठमाडौँ। चौँथो आइसिसी इमर्जिङ एसिया बैंकिङ अवार्डबाट नेपालको वाणिज्य बैंकका तर्फबाट नबिल र विकास बैंकका तर्फबाट शाइन रेसुङ्गा डेभलपमेन्टले पाएका छन्।

भारतको वाणिज्य तथा उद्योग क्षेत्रको प्रतिष्ठित संस्था इण्डियन चेम्बर अफ कमर्स (आइसिसी) ले नयाँदिल्लीमा गरेको चौँथो आइसिसी इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एण्ड अवार्ड्समा नबिल बैंकले वाणिज्य बैंकका तर्फबाट र विकास बैंकका तर्फबाट रेसुङ्गाले 'बेष्ट बैंक अवार्ड' जितेका हुन् । शाइन रेसुङ्गाले 'बेस्ट डेभलपमेन्ट बैंक अवार्ड'सँगै 'बेस्ट पर्फर्मेन्स अन प्रोफिटेबिलिटी' र 'बेस्ट पर्फर्मेन्स अन ग्रोथ' गरी तीन विधामा अवार्ड प्राप्त गरेको छ ।

## चितुवालाई नियन्त्रणमा लिन दुई ठाउँमा खोर

चितवन । पश्चिम चितवनका बस्तीमा छिरेको चितुवालाई नियन्त्रणमा लिन दुई स्थानमा खोर राखिएको छ ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलले चितुवाले मानव बस्तीमा छिरेर आतङ्क सिर्जना गर्न थालेपछि भरतपुर महानगरपालिका-१५ गोपालचोकमा रहेको अविनाश पोल्ट्री फर्ममा र त्यसको एक किलोमिटर पर अर्को खोर राखिएको जानकारी दिनुभयो । खोरमा हालसम्म चितुवा परेको छैन । चितुवालाई आकर्षण गर्न खोरमा कुकुर र राखिएको छ । यसअघि सोही क्षेत्रबाट चितुवाको बच्चालाई नियन्त्रणमा लिइएको थियो । यसअघि नियन्त्रणमा लिइएको चितुवाको बच्चालाई सौराहा पुर्‍याइ खोरमा राखिएको छ । यस क्षेत्रमा एउटा माउ र बच्चा अझै रहेको बताइन्छ ।

## लक्ष्यअनुसार राजस्व संकलन कठिन




दाङ । तुलसीपुर उपमहानगरपालिकाले लक्ष्य अनुसारको राजस्व असुली गर्न सकेको छैन ।

आर्थिक वर्ष २०८२/८३ मा उक्त नगरपालिकाले रु ७२ करोड १५ लाख राजस्व जम्मा गर्ने लक्ष्य राखेको थियो । गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा उपमहानगरपालिकाको भवन जलेर क्षतिग्रस्त भएपछि लक्ष्य अनुसारको राजस्व जम्मा हुन कठिन भएको सूचना अधिकारी यज्ञबहादुर केसीले बताउनुभयो ।

उपमहानगर पालिकाले आर्थिक वर्ष २०८२/८३ जम्मा रु ४१ करोड ७६ लाख ९० हजार ७० राजस्व सङ्कल गरेको छ । सम्पत्ति करबाट रु एक करोड ९५ लाख ९९ हजार २११, भूमिसम्बन्धी करबाट रु दुई करोड ४० लाख १० हजार ३६९, नदीजन्य पदार्थ ठेक्काबाट रु एक करोड ५२ लाख ९६ हजार १३२ र मालपोत करबाट रु १६ करोड ९१ लाख ९० हजार ६७४ राजस्व जम्मा गरिएको थियो ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा उपमहानगरपालिकाले रु ३६ करोड ७१ लाख राजस्व सङ्कलन गरेको थियो । उपमहानगरले सरसफाइ, पर्यटन, नक्सा पास, व्यवसाय, घर बहाल, सम्पत्ति करलगायत शीर्षकबाट राजस्व सङ्कलन गर्दै आएको छ ।

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com